राष्ट्रिय योजना आयोगबाट सुदूरपश्चिमाञ्चल  विकास क्षेत्र अन्तर्गतका डोटी, अछाम र डडेलधुरा जिल्लाका विकास आयोजनाहरूको स्थलगत निरीक्षण तथा कार्यालय प्रमुखहरुसँग गरिएको अन्तर्क्रिया  कार्यक्रमको

# प्रतिवेदन


प्रस्तुतकर्ता

| | |
|---|---|
| डा. स्वर्णिम वाग्ले, सदस्य- | राष्ट्रिय योजना आयोग। |
| यमलाल भूसाल, कार्यक्रम निर्देशक- | राष्ट्रिय योजना आयोगको सचिवालय। |
| केशवराज ढोडारी, नायव सुव्वा- | राष्ट्रिय योजना आयोगको सचिवालय। |

## १. पृष्ठभूमि

राष्ट्रिय योजना आयोगले विकास आयोजनाहरुको अनुगमन गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा सुधारको प्रकृया अघि बढाउने कार्यलाई नियमित रुपमा सञ्चालन गर्दै आएको छ। यसै सिलसिलामा आयोगबाट बिभिन्न टोलीहरुको निर्माण गरी अनुगमनको कार्यलाई अघि बढाउने निर्णय भए बमोजिम माननीय सदस्य डा. स्वर्णिम वाग्लेको नेतृत्वमा कार्यक्रम निर्देशक यमलाल भूसाल र नायव सुब्बा केशवराज ढोडारी सहितको टोलीले गत २०७१ चैत्र १६ देखि २० सम्म सुदूर पश्चिमाञ्चल बिकास क्षेत्र अन्तर्गतका डोटी, अछाम र डडेलधुरा गरी तीन जिल्लाहरुको अनुगमन भ्रमण गरी यो प्रतिवेदन पेश गरेको छ।

## २. अनुगमन विधि

अनुगमनको सिलसिलामा खासगरी निम्न विधिहरुको अवलम्वन गरिएको छ :

- कार्यालय प्रमुखहरुसँगको अन्तरक्रीया एबम् सोधपुछ
- आयोजनाहरुको स्थलगत नीरिक्षण

### २.१ कार्यालय प्रमुखहरुसँगको अन्तरक्रीया

यी जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीहरुसँग समन्वय गरी कार्यालय प्रमुखसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो। अन्तर्क्रीया कार्यक्रमको समय तालिका यसप्रकार निर्धारण गरियो :

२०७१/१२/१७ गते ११:०० बजेदेखि २:०० सम्म जिल्ला प्रशासन कार्यालय, डोटी

२०७१/१२/१८ गते ११:०० बजेदेखि २:०० सम्म जिल्ला प्रशासन कार्यालय, अछाम

२०७१/१२/१९ गते ११:०० बजेदेखि २:०० सम्म जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

तीनवटै अन्तर्क्रीया कार्यक्रममा सबैभन्दा पहिले माननीय सदस्य डा. स्वर्णिम वाग्लेबाट आयोगले लिएको नयाँ रणनीति, जिल्लास्तरीय विकास कार्यक्रमको निक्षेपण, आयोगको पुनर्संरचना, आयोजना बैंकको व्यवस्था, कार्यक्रमको स्वीकृतिमा सरलीकरण लगायतका समसामयिक सुधारका बिषयमा प्रस्तुति भयो । उहाँको प्रस्तुति पश्चात् उपस्थित कार्यालय प्रमुखहरुसँग जिल्लाका समसामयिक विषयमा छलफल गरियो । छलफलमा उठेका मुख्य मुख्य विषय एबम् समस्याहरु निम्न थिए:

१ पश्चिम सेती जल बिद्युत आयोजना सुदूर पश्चिमको अत्यन्त महत्वपूर्ण रणनीतिक आयोजना भएकाले यसलाई उच्च महत्व दिएर अघि बढ्नु आजको अनिवार्य आवश्यकता हुन गएको छ ।

२ धनगढीदेखि सिलगढी जोड्ने सडक अत्यन्तै घुमाउरो भएकोले यहाँ एक द्रुत मार्गको आवश्यकता रहेको छ र यसको निर्माण सम्पन्न गर्न सके यसबाट भविष्यको जीवन सुखद् हुने थियो ।

३ खप्तड क्षेत्र पर्यटनको दृष्टिले संभावनाको भण्डार हो, त्यसैले यसको पूर्बाधार बिकासको लागि तदारुकताका साथ अघि बढ्नु जरुरी भएको छ ।

४ यो क्षेत्रमा food deficit हुन नदिन स्थानीय उत्पादनलाई उच्च महत्व दिनुपर्दछ । यसको निम्ति परम्परागत बिउलाई उन्नत बिउले प्रतिष्थापन गर्ने, मौसमी तरकारी उत्पादन गर्ने, धान, मकै, गहुँ, भटमास, रामदाना आदिको उत्पादन बढाई बचत भएको अवस्थामा जिल्ला बाहिर पठाउने व्यवस्था मिलाउने ।

५ कृषी उत्पादनलाई बढावा दिनको लागि ठाउँ ठाउँमा storage house एवम cooperative house को निर्माण गर्नुपर्ने भएको छ । साथै पशुसेवाको कामलाई Conventional Approach बाट New Technology को प्रयोगतर्फ ध्यान दिनु आवश्यक भएको छ ।

६ यस क्षेत्रमा धार्मिक, साँस्कृतिक एवम् सौन्दर्य पर्यटनका साथै जडिबुटी एवम् जलबिद्युतको प्रचुर संभावना रहेकाले यसतर्फ विशेष पहल गर्नुपर्दछ ।

७ दिपायल र साँफेवगरमा विगतमा सञ्चालनमा रहेका हवाइमैदान हाल बन्द रहेकाले यिनलाई पुन सञ्चालनमा ल्याउन सकेमा जनताले सुविधा पाउने थिए ।

८ यस क्षेत्रमा महिला हिंसाको सँख्या बढिरहेको अवस्था देखियो । अन्धविश्वासको रुपमा रहेको छाउपडि क्प्रथाले महिलालाई बहुआयमिक रुपले नकारात्मक प्रभाव पारेको देखिएको छ । यसले स्कूल जान नपाएर शिक्षामा असर पारेको छ, खानपिनमा ध्यान नपु-याउनाले स्वास्थ्यमा प्रभाव पारेको छ भने सार्वजनिक काममा जान नपाउनाले आय आर्जनमा प्रभाव परेको छ । तसर्थ यस्ता कुसँस्कारको अन्त्यका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ ।

९ बाल बिबाह जस्तो सामाजिक समस्या अझै पनि यस क्षेत्रमा रहेको छ । डोटी जिल्लामा मात्रै गत आर्थिक वर्षमा ७५ जना वालवालिकाले विवाह गरेका छन् । अपाङ्गहरुलाई वितरण गरिने परिचयपत्रको सन्दर्भमा सबै स्थानका लागि एउटै परिभाषा बनाइएकाले समस्या आएको पाइयो । तराईमा ह्वील चेयर प्रयोग गर्ने व्यक्तिको जीवन जति सहज हुन्छ पहाडमा त्यस्तो सहज नहुन सैक्तछ किनकि पहाडमा ह्वील चेयर प्रयोग गर्न मिल्दैन ।

१० स्वास्थ्य क्षेत्रमा पनि सुधार गर्न त्यत्तिकै जरुरी दखिएको छ । अछाम जिल्लामा मात्रै १४०० जना भन्दा बढी व्यक्तिहरु HIV AIDS बाट पिडित भएको आधिकारिक तथ्याङ्कले बताउँछ । मादक पदार्थको सेबन गर्ने प्रबृत्ति बढी भएको देखिएकोले यसमा सुधार ल्याउन जनचेतना बढाउनु जरुरी छ । जिल्लामा डक्टरको उपस्थिति अत्यन्तै कमी भएको पाइएको छ ।

११ शिक्षा क्षेत्रमा पनि गर्नुपर्ने कामहरु थुप्रै देखियो । विद्यालयतर्फ शिक्षकको कायम दरबन्दीको तुलनामा पदपूर्ति भएकको सँख्या अत्यन्त कमी भएको पाइयो । डडेल्धुरा जिल्लामा त कतिपय शिक्षकहरु बन मुद्दामा मुछिएकाले पनि पठन पाठनमा समस्या आएको छ ।

१२ जिल्लामा सञ्चालन हुने INGO का कार्यक्रमहरुक सही अनुगमन हुन सकेको छैन । उनीहरुले आफ्नै प्रकृया पूरा गरी काम गर्ने, त्यसमा कर्मचारीको प्रभावकारी भूमिका नरहने तर सरकारी कर्मचारीले उनीहरुका काम प्रमाणित गरिदिनुपर्ने अवस्था रहेको देखियो जसबाट कर्मचारीलाई बढी समस्या परेको देखियो ।

१३ जनशक्ति अभाव यस क्षेत्रका कार्यालयहरुको साझा समस्या हो । यहाँ कार्यरत कर्मचारीहरु सामान्यतया बस्न नचाहने, नयाँ सिफारिश भई आउने कर्मचारी पनि आफूलाई पायक पर्ने सुगम क्षेत्रतिर तत्काल काज(लामो समयसम्म) वा सरुवा भै जाने प्रबृत्तिले गर्दा यस क्षेत्रका धेरैजसो कार्यालयहरुमा स्वीकृत दरबन्दी पूर्ति नभएको देखिन्छ ।

१४ अधिकांश सरकारी कार्यालयहरुको आफ्नो भवन नरहेको र भएका भवन पनि अपर्याप्त रहेको पाइयो । कार्यालयमा पर्याप्त मेशिनरी तथा फर्निचरहरुको कमी भएकाले सेवा प्रबाहमा कमी रहेको देखियो ।

१५ अधिकांश सरकारी कार्यालयहरुको आफ्नो सवारी साधन नहुँदा सेवा प्रवाह तथा अनुगन निरीक्षणको कार्यमा समस्या आएको पाइयो । कतिपय कार्यालयमा सरकारी गाडी तथा मोटरसाईकलहरु बिग्रिएर थन्किएका तर बजेटको अभावले मर्मत गर्न नसकेको देखियो ।

१६ समयमा बजेट तथा अख्तियारी प्राप्त नहुने र प्राप्त बजेट पनि बेलाबेलामा रोक्का हुने जस्ता समस्याले गर्दा कार्यक्रमको लक्ष्य प्राप्तिमा ठूलो समस्या आएको देखियो ।

१७ आयोजना वैंकको अभावमा जिल्लास्तरीय आयोजनाहरु wish list को रुपमा बिकास हुन पुगे । राजनीतिक दवाव समेतले आयोजनाहरुको प्राथमिकीकरण गर्न सकिएन ।

१८ बोलपत्र आव्हानमा न्यून मूल्यमा टेण्डर गर्ने, कबोल मूल्यमा कार्य सम्पन्न नगर्ने, समय र लागत बढाउँदै लैजाने समस्याले विकास निर्माण कार्यमा नकारात्मक प्रभाव पारेको देखियो । स साना टेण्डरमा पेशागत निर्माणकर्ताको अभाव देखिनु, ठेकेदार/ निर्माणकर्ताको लापरबाही रहनु, ठेकेदारहरुलाई राजनीतिक संरक्षण रहन, दण्डहीनताका कारण निर्माण कार्यको गुणस्तर र समयको बेवास्ता भएको पाइयो ।

१९ वजेटको विनीयोजनमा पनि व्यापक सुधार गर्नुपर्ने भएको छ । चालु आर्थिक वर्षमा डोटी जिल्लामा तीनवटा पुलहरु निर्माण गर्ने भनी कार्यक्रम स्वीकृत गरियो । यी पुलहरुको अनुमानित सलागत २३/२३ करोड थियो तर रकमको विनीयोजन भने प्रत्येक पुललाई २०/२० लाख मात्र गरियो । यस्तो खालको विनीयोजनले तीनवटा पुल निर्माण गर्न कति समय लाग्ला स्वत: अनुमान गर्न सकिन्छ ।

२० अछाम जिल्लामा चित्रेखोला र कैलाश खोलामा पुल बनाउने भनिए पनि ठेकेदारको लापरवाहीले कामले गति लिन सकेको छैन र ठेकेदारलाई कारबाही गर्नेतर्फ पनि पहल हुन सकेको छैन ।

२१ मङ्गलसेन नगरपालिकाको भवन निर्माण गर्नका लागि रु १ करोड विनीयोजन गरिएको भए पनि जग्गा प्राप्ति नभएकाले भवन निर्माणको काम शुरु हुन सकेन । नगरपालिकालाई दमकल उपलव्ध गराउन समेत सकिएको छैन ।

## २.२ आयोजनाहरुको स्थलगत नीरिक्षण

### २.२.१ अछाम दरबार पुनर्निर्माण परियोजना : ढिलासुस्तिको नमूना

ऐतिहसिक पक्ष

झण्डै डेढ्सय बर्ष अघि मङ्गलसेनका तत्कालीन राजा दलबहादुर शाहको पालामा निर्माण् भएको तीनतले दरबारलाई वि.स. २०२९ सालमा अछामी राजाका सन्तान् तपेन्द्र बहादुर शाहसँग सरकारले किनेपछि उक्त दरबारमा सरकारी कार्यालयहरु रहँदै आएका थिए (कान्तिपुर : २०७१ चैत्र १२)। ऐतिहसिक महत्व रहेको उक्त दरबार सशस्त्र बिद्रोहको बेलामा ध्वस्त हुन पुग्यो । २०६५ सालमा यसको पुनर्निर्माणको प्रक्रिया शुरु गरिए पनि हालसम्म राम्रो प्रगति हुन सकेन । यसै सन्दर्भमा २०६५ साल आषाढ २४ गते भवन आबास डिभिजन कार्यालय डोटि र ठेकेदार राजेन्द्र साउदबीच रु २,२५,७३,७६४। मा ठेक्का सम्झौता सम्पन्न भई शुरु गर्ने भनियो । यस सम्झैता अनुसार उक्त निर्माण कार्य २०६७ जेष्ठ मसान्तभित्र सम्पन्न गरिसक्नुपर्ने थियो ।

### पुनर्निर्माण कार्यमा भएको ढिलाइ

सम्झौता भए लगत्तै काम शुरु हुन सकेन र करिब छ महिनापछि मात्र ठेकेदारले काम शुरु ग-यो । सालको काठ स्थानीय बजारमा उपलव्ध हुन नसकेको, सुर्की चुना पनि वजारमा सजिलै पाउन नसकिएको, सुर्की बनाउने मेसिन पनि उपलव्ध हुन कठिन भएको जस्ता कारण देखाई ठेकेदारले काममा ढिलाई गर्न थाल्यो र यसै सन्दर्भमा २ बर्षका लागि म्याद थप माग गरियो । काममा भएको ढिलाईलाई स्वीकार गर्दै सर्बप्रथम ६ महिनाका लागि म्याद थप गरियो । त्यसले पनि नपुगेर पटक पटक गरी २०६९/३/३० सम्मका लागि म्याद थप गरियो । थपिएको म्यादभित्र पनि काम हुन नसकेकोले २०७०/११/९ को राष्ट्रीय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी स्पष्टीकरण मागियो । तत्पश्चात २०७१ आषाढ मसान्तसम्मका लागि पुन: म्याद थप गरिएको थियो । तर तत्पश्चात् पनि यसको पुनर्निर्माण हुन सकेको छैन । अहिले यस सम्बन्धी सम्पूर्ण फाइलहरु छानबिनको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेको छ । निर्माणाधीन अवस्थामा रहेको भवनका केही तस्बिरहरु यहाँ सम्लग्न गरिएको छ ।







## २.२.२ बयलपाटा अस्पत्ताल: आशाको किरण

अछाम जिल्लाको वयलपाटा गाविसमा यस अस्पत्तालको स्थापना सन् १९७६ मा भएको भए तापनि यसले प्रभावकारी सेवा दिन सकेको थिएन । यसै बीचमा Possible Health नाम गरेको एक अन्तर्राष्ट्रीय गैर सरकारी संस्थाले स्वास्थ्य तथा जनसँख्या मन्त्रालयसँग सम्झैता गरी उक्त अस्पताललाई आफूले सञ्चालनमा ल्याउने निर्णय ग-यो । उक्त सँस्थाले न्यून आय भएका गरीवहरुका लागि उन्यून लागतमा उच्च गुणस्तरको स्वास्थ्य सेवा प्रदान गरेको पाइयो । यसले क्रमश विभिन्न विभागहरु पनि थप्दै गएको छ । २००८ देखि हालसम्म यस अस्पत्तालले करिव १७३००० विरामीहरुको उपचार गरिसकेको छ । यहाँ विरामी हरुको दर्ता, उनीहरुको अभिलेख व्यवस्थापन उपचार लगायतका कुराहरु अत्यन्त व्यवस्थित वनाएको देखियो । सरकारी अस्पतालहरुले भरपर्दो सेवा दिन धौ धौ परिरहेको अवस्थामा यस अस्पत्तालले जनसेवामा गरेको योगदान साह्रै प्रशंसनीय देखियो । यसको दीगोपना कसरी कायम राख्ने भन्ने कुरा भने चुनौतिपूर्ण देखिएको छ । यसको सफलताको उदाहरणबाट अन्य क्षेत्रमा रहेका स्वास्थ्य सँस्थाहरुलाई पनि उचित शिक्षा मिल्ने देखिएको छ ।





स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र न्याय हेल्थ नेपालको सहकार्यमा सञ्चालित
बयालपाटा अस्पताल

### २.२.३ मुक्त हलिया पुनर्स्थापना कार्यक्रम डोटी : प्रतिक्षा कहिलेसम्म

ब.उ.शि.नं. ३३६१०३ अन्तर्गत रहेको यस कार्यक्रममा यस आर्थिक बर्षमा रु. १ करोड ३० लाख बिनीयोजन गरिएको छ । डोटी जिल्लाभित्र पहिचान भएका मुक्त हलियाहरुको पछिल्लो विवरण यसप्रकार छ :

मुक्त हलिया पुनर्स्थापना कार्यक्रम डोटी जिल्ला हालसम्मको परिचय पत्र बितरण

| सि नं | न पा/गा बि स | परिचय पत्रको वर्ग (हालसम्मको) | | | | हालसम्मको परिचय पत्र बितरण जम्मा |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | |
| १ | छतिवन | १० | १७ | ० | ९ | ३६ |
| २ | बाशुदेबी | ६ | १२ | ३ | १८ | ३९ |
| ३ | मुडभरा | ८ | २८ | ० | ११ | ४७ |
| ४ | लाटामाण्डौ | ३३ | ३१ | ० | ६ | ७० |
| ५ | बारपाटा | १० | ५० | १ | ७ | ६८ |
| ६ | डौड | ८ | १९ | ० | २० | ४७ |
| ७ | दिपायल सिलगढी नपा | ९ | ८५ | २ | ४० | १३६ |
| ८ | जिजोजामाण्डौ | ११ | २७ | ० | १२ | ५० |
| ९ | महादेवस्थान | ० | ३ | ० | ० | ३ |
| १० | तोलेनि | ११ | १२ | ४ | ३३ | ६० |
| ११ | रानागाउँ | ० | ४ | १ | १२ | १७ |
| १२ | लडागडा | १ | २४ | ० | १३ | ३८ |

मुक्त हलिया पुनर्स्थापना कार्यक्रम डोटी जिल्ला हालसम्मको परिचय पत्र बितरण

| सि नं | न पा/गा बि स | परिचय पत्रको वर्ग (हालसम्मको) | | | | हालसम्मको परिचय पत्र बितरण जम्मा |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | |
| १३ | सातफेरी | १ | १४ | २ | २ | १९ |
| १४ | मुडेगाउँ | १ | ० | ० | ० | १ |
| १५ | बगलेक | ४९ | ४ | ० | ० | ५३ |
| १६ | सरस्वतीनगर | १ | ४३ | ० | ४ | ४८ |
| १७ | लक्ष्मीनगर | ४ | ४८ | ० | ४ | ५६ |
| १८ | पचनाली | ८ | ८ | ० | ३३ | ४९ |
| १९ | खिरसैनी | १ | १५ | ० | ० | १६ |
| २० | सानागाउँ | ३ | ११७ | ६ | २ | १२८ |
| २१ | छपालीस | ० | १ | ० | ८ | ९ |
| २२ | कलेना | २ | ६ | ० | ६ | १४ |
| २३ | गगुडा | ३ | ५ | १ | २ | ११ |
| | जम्मा | १८० | ५७३ | २० | २४२ | १०१५ |

कार्यालय प्रमुखसँगको बैठकमा मालपोत अधिकृतले भने अनुसार यस आ. व. मा १५ जनाको लागि जग्गा खरिद, २० जनाको लागि घर मर्मत तथा २७ जनाको लागि घर निर्माण गर्ने लक्ष्य रहेको र सोही अनुसार काम अघि बढेको बताए । १०१५ जनालाई सेवा दिनुपर्नेमा केवल ६२ जनालाई मात्र सेवा दिने लक्ष्य राखिंदा जिल्लाको पूर्ण लक्ष प्राप्त गर्न एक युग नै पर्खनुपर्ने देखिएको छ ।

### २.२.४ मौरी विकास केन्द्र आलिताल, डडेलधुरा

डडेल्धुरा जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयले आलितालमा मौरी विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरेको छ । यहाँ मौरीका घेरहरु उत्पादन गर्ने ,विक्री गर्ने, मह उत्पादन एबम् बिक्री गर्ने, सर्ब साधारणलाई मौरी उत्पादनको तालिम दिने र ती तालिमहरु जनसहभागितामूलक वनाउने जस्ता कार्यहरु सञ्चालन हुँदै आएका छन् । आलिताल मौरी पालनमा सुदूर पश्चिमकै hub बन्ने प्रशस्त संभावनाहरु रहेको देखियो । खासगरी उद्योग मन्त्रालय अन्तर्गतको मेडेपले सहयोग गरेको यो कार्यक्रम सफल भएको देखियो र यसको सफलतालाई दीगो बनाउन थप स्रोतको विनीयोजन गर्ने , तालीमलाई थप व्यवस्थित गर्ने र किसानहरुलाई थप incentives दिनुपर्ने देखियो ।

### ३. समस्या समाधानका लागि सुझावहरु

(क) जनशक्तिको अभावलाई कम गर्न निजामती सेवा ऐन, नियमावलीको व्यवस्थालाई कडाइका साथ पालना गर्ने र दुर्गममा कार्यरत कर्मचारीलाई प्रोत्साहनका स्किमहरु ल्याउनुपर्ने देखिन्छ ।

(ख) वार्षिक विकास कार्यक्रम भाग २ मा परेका कतिपय कार्यक्रमहरु हालसम्म फेला नपरेको भन्ने कुरा समेत सुनिएकाले यस्ता कार्यक्रमहरुको निक्षेपण गर्दा अहिलेको समस्या समाधान हुने देखिन्छ ।

(ग) नयाँ कार्यक्रम थप गर्नुभन्दा चालु कार्यक्रमलाई सम्पन्न गर्न जोड दिनु आवश्यक देखिएको छ ।

(घ) कार्यक्रमको स्वीकृति र वजेटको निकासालाई सरलीकरण नगरी अवको सुधार संभव छैन तसर्थ त्यसतर्फको सुधार प्रक्रियालाई शुरु गर्नु जरुरी छ ।

(ङ) समयमा कार्य सम्पन्न गर्ने र नगर्ने ठेकेदारहरुको विवरण अद्यावधिक गरी निर्धारित मापदण्ड र समय अनुसार काम सम्पन्न गर्नेलाई पुरस्कृत गर्ने, समयमा काम सम्पन्न नगर्ने, गुणस्तरमा सम्झौता गर्ने, काममा लापरबाही गर्नेलाई कानुनी कारबाही गर्ने व्यवस्था गरिनुपर्दछ ।

(च) सफल आयोजनाहरुबाट अन्य जिल्ला र निकायहरुले पाठ सिक्न सक्ने गरी यसको प्रचार प्रसार गर्नु आवश्यक देखिएको छ ।

**समाप्त**